पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101
067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

प.सः ०७८/७९

च.नं : ६१५

मितिः- २०७८/०८/२९

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

बिषयः- प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सवै,
पैयूँ गाउँपालिका पर्वत ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, योजना तथा अनुगमन शाखाको च.नं ८४, मिति २०७८/०८/२३ गतेको प्राप्त पत्रानुसार चालु आ.ब. २०७८/७९ मा राष्ट्रपति शैक्षिक शुधार कार्यक्रमका लागि इच्छुक सामुदायिक विद्यालयहरुवाट प्राथमिकता क्षेत्र र शर्त वन्देजभित्र रहि मिति २०७८ पौष ८ गते भित्र तोकिएको ढाँचाको कार्यक्रम प्रस्ताव यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

(यज्ञ प्रसाद लामिछाने)
शिक्षा अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## (योजना तथा अनुगमन शाखा)

फोनः ०१.६६३१०७५
फोनः ०१.६६३३६२३
फोनः ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मितिः २०७८।०८।२३

पत्र संख्याः २०७८।०७९
च. नं. ८४

विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्वन्धी सूचना संप्रेषण, समन्वय र सहजीकरण बारे।

श्री स्थानीय तह, सबै।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।

प्रस्तुत विषयमा चालु आ.व. २०७८।०७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि इच्छुक सामुदायिक विद्यालयहरूबाट कार्यक्रम प्रस्ताव गर्ने व्यहोरा उल्लेखित सूचना यसै साथ संलग्न रहेको छ। उक्त सूचनामा उल्लेख भए बमोजिम त्यस स्थानीय तह/जिल्ला भित्रका सामुदायिक विद्यालयहरूका लागि सूचना संप्रेषण, आवश्यक समन्वय र सहजीकरण गरी तोकिए बमोजिम प्राप्त प्रस्तावहरू सूचनामा उल्लेख भए अनुसार यस केन्द्रमा आइपुग्ने व्यवस्था मिलाइ सहयोग गरिदिनु हुन यस केन्द्रको मिति २०७८।०८।२३ को निर्णय अनुसार अनुरोध छ।

२०७८।८।२३

रामप्रसाद शर्मा
शाखा अधिकृत

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि
# कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको
# अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद) **बाट** स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८।०८।१३ मा बसेको निर्देशक समितिको बैठकबाट चालु आर्थिक वर्ष २०७८।०७९ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक सुविधा विस्तार लगायतका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयहरूलाई स्थानीय तहमार्फत प्रस्ताव पेश गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय भए अनुसार निम्नानुसारका प्राथमिकता क्षेत्र र शर्त बन्देजभित्र रही देहाय अनुसार तोकिएको ढाँचाको प्रस्ताव **मिति २०७८ पौष ८ गतेभित्र** सम्बन्धित स्थानीय तहमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

## प्रस्तावका लागि प्राथमिकता तोकिएका क्षेत्रहरू

१ विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम

२ ICT ल्याब व्यवस्थापन ( projector, smart Board, TV set लगायतका सामग्री) तथा विद्यालयमा Digital Library व्यवस्थापन

३ प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूको ल्याब सुदृढीकरण तथा नयाँ प्राविधिक धारका विद्यालय स्थापना

## विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (दुई कोठे तथा चार कोठे भवन) माग गर्ने आधारहरू

१ विद्यार्थी सख्याका आधारमा भवन र कक्षाकोठा नपुग भएको ।

२ विद्यालयको भवन निर्माणका लागि विद्यालयको आफ्नै स्वामित्व र विद्यालय भवन हाता भित्र शौचालय समेत निर्माण गर्न पर्याप्त जग्गा भएको ।

३ सघ, प्रदेश, तथा स्थानीय तह र कुनै दातृसंस्थाबाट भवन निर्माणका लागि कार्यक्रम नपरेको वा दोहोरो हुने अवस्था नभएको ।

४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत गत वर्ष विद्यालय भवन निर्माण कार्यक्रम प्राप्त नभएको ।

५ यस भन्दा अघि नमुना विद्यालय विकास कार्यक्रममा छनौट भएको विद्यालय हुनु नहुने ।

६ लागत साझेदारीमा निर्माण कार्य गर्न सक्षम भए सोको प्रतिवद्धता ।

७ स्थानीय तहबाट सिफारिस भएको हुनुपर्ने,

## ICT ल्याब व्यवस्थापन ( projector, smart Board, TV set लगायतका सामग्री) तथा विद्यालयमा Digital Library व्यवस्थापन

१ ICT ल्याव तथा हाल सम्म डिजिटल लाइब्रेरी व्यवस्था नभएका माध्यमिक विद्यालय हुनुपर्ने ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

२०७८।८।२२

२ न्यूनतम २०० विद्यार्थी भएका आधारभुत तह कक्षा ८ संम्म सञ्चालनमा रहेका विद्यालय समेत समावेश हुन सक्ने ।

३ ICT ल्याब व्यवस्थापन तथा डिजिटल लाइब्रेरी व्यवस्थाका लागि आवश्यक कोठा र इन्टरनेट सहितको विद्धुतिय प्रवन्ध भएको हुनुपर्ने ।

४ कम्प्युटर विषय अध्यापन हुने विद्यालय भए सो को व्यहोरा खुल्ने प्रमाण समावेश गर्नुपर्ने ।

५ गत विगत वर्षहरुमा ICT ल्याव व्यवस्थापनका लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने

**प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरुको ल्याब सुदृढीकरण तथा प्राविधिक धारको विद्यालय सञ्चालन नभएका स्थानीय तहका इच्छुक विद्यालयहरू**

१. साविकको शिक्षा विभाग तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन गर्न अनुमति प्राप्त गरेको विद्यालयहरु

२. कक्षा ९ तथा कक्षा ११ सञ्चालन गर्दा तोकिएको ल्याव व्यवस्थापन अनुदान प्राप्त गर्न छुट भएका विद्यालयहरू

३. हालसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद वा शिक्षा विभाग/शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालनका लागि विद्यालय छनौट नभएका स्थानीय तहका प्राविधिक धारको विद्यालय सञ्चालन गर्न इच्छुक माध्यमिक विद्यालयहरू

**कार्यक्रम माग गर्ने प्रक्रियाः**

१ माथि उल्लेखित कार्यक्रमहरूमा तोकिएका आधारभित्र पर्ने विद्यालयहरुले कार्यक्रम माग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपि समेतका कागजातहरु सहित तयार गरेको फाइल मिति २०७८।०९।०८ गतेभित्र स्थानीय तहमा पेश गर्ने ।

२ स्थानीय तहमा प्राप्त भएका प्रस्तावहरु सम्बन्धित स्थानीय तहले प्राथमिकीकरण गरी font Mangal र font size 10 मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल **मिति २०७८।०९।१२ गतेभित्र सम्बन्धित** शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्ने ।

| जिल्ला | स्थानीय तह | IEMIS Code | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरू | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

३ स्थानीय तहहरुबाट प्राप्त भएका सिफारिसहरुलाई स्थानीय तहले प्राथमिकीकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा स्थानीय तहको विद्यालयहरु एकै ठाँउमा रहने गरी तपसिलको ढाँचामा शिक्षा विकास तथा समन्वय इकाइले font Mangal र font size 10 हुनेगरी देहायको ढाँचामा Excel Sheet तयार गरी editable Excel sheet र प्रमाणित pdf copy दुबै डकुमेन्ट **मिति २०७८।०९।१६ गतेभित्र** शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइ सक्नुपर्नेछ ।

| जिल्ला | स्थानीय तह | IEMIS Code | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरू | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

४ शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरुलाई विद्यालयगत रुपमा छुट्टाछुट्टै फाइलमा राखी स्थानीय तहगत रुपमा अलग अलग छुट्टिने गरी जिल्ला भरीको सबै सक्कल प्रस्तावहरु मिति २०७८।०९।३० भित्र यस केन्द्रमा आइपुग्ने गरी पठाई सक्नुपर्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम माग गरेका कागजातहरु
२. विद्यालयको प्राथमिकताक्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चितता सहितको स्थानीय तहको सिफारिस पत्र
३. स्थानीय तहको प्राथमिकीकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले तयार गरेको स्थानीय तहगत जिल्लाको समष्टिगत प्रमाणित विवरण
४. प्राविधिक धार सञ्चालनमा नरहेका स्थानीय तहले प्राविधिक धारको विद्यालय सञ्चालन गर्न इच्छुक विद्यालयहरुबाट कार्यक्रम माग भई आएमा उक्त विद्यालयलाई सञ्चालन अनुमति सम्वन्धी प्रक्रिया पूरा गरी सोको कागजात संलग्न गर्नु पर्नेछ ।

**पुनश्चः**

१ एक विद्यालयले बढीमा २ वटा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सक्ने छन् ।
२ म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।
३ शिक्षा विकास तथा समन्वय इकाइबाट माथि उल्लेख भए बमोजिम प्रमाणीकरण गरी पठाइएका प्रस्ताव मात्र ग्राह्य हुनेछन् ।